नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ

प.सं. २०७७/०७८ च.नं. ३१४५ टेकु, काठमाडौं, नेपाल ।

मिति : २०७८-०३-२८

श्री स्वास्थ्य कार्यालय : ७७ वटै जिल्ला

विषय :- कोभिड विरुद्ध खोप अभियानको संचालन सम्बन्धमा ।

कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणको लागि विभिन्न चरणमा खोप अभियानहरु सफलतापूर्वक संचालन गरीरहनु भएकोमा धन्यवाद दिदै सोहि सन्दर्भमा नेपाल सरकारले कोभिड विरुद्धको खोप आपूर्ति गरी अभियानहरु निरन्तर गर्न नेपाल सरकार माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको मिति २०७८/०३/२८को निर्णयानुसार खोप उपलब्धताका आधारमा मिति २०७८/०३/२९ गते देखिनै तपशिल बमोजिम अभियान संचालन गर्ने गराउने ब्यवस्थाको लागि अनुरोध छ ।

तपसिल

१. खोप दिने लक्षित समुह :

**Sinopharm Inactivated, BIBP (Vero Cell) खोपको हकमा**

- ५५ वर्ष र सो माथिका उमेर समुहका कोभिड विरुद्ध पहिलो मात्रा खोप लगाउन बांकी सवै नागरिकहरु,
- विश्वविध्यालय, विध्यालयका प्राध्यापक, शिक्षक र कर्मचारीहरु,
- सार्वजनिक यातायातमा कार्यरत चालक र सहचालकहरु ,
- नेपाल सरकारले तोकेका अत्याबश्यक सेवामा संलग्न खोप लगाउन बांकी ब्यक्तिहरु
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरु

**Janssen AD26COV2.S Vaccine को हकमा**

- ५० वर्ष देखि ५४ वर्ष उमेर समुहका कोभिड विरुद्ध पहिलो मात्रा खोप लगाउन बांकी सवै नागरिकहरु,
- पूर्ण र अति अशक्त अपाङ्गता (वर्ग क र ख) भएका नागरिकहरु,
- हाल नेपालमा बसोवास गरिरहेका शरणार्थिहरु
- स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी र सरसफाईकर्मीहरु (यस अघिको अभियानहरुमा खोप लगाउन छुट भएका)

नोट : माथि तोकिएको प्राथमिकता भित्र मात्र रही जिल्ला कोभिड खोप समन्वय र अनुगमन समितिको निर्णयानुसार खोप प्रदान गर्नु हुन र अन्यथा भएमा प्रचलित कानूनबमोजिम हुने ब्यहोरा अनुरोध छ ।

डा. दिपेन्द्र रमण सिंह
महानिर्देशक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ

प.सं. २०७७/०७८ च.नं. ३९४९

टेकु, काठमाडौं, नेपाल ।

२. खोप दिने / लिने आधार :

-उमेर समुहको हकमा : उमेर खुल्ने आधिकारिक प्रमाण ( नागरिकता, पासपोर्ट, सवारी चालक प्रमाण पत्र, शैक्षिक प्रमाण पत्र र सो नभएमा पालिका, वडा बाट उमेर प्रमाणित कागजात),

-सार्वजनिक यातायातका चालक ,सहचालकहरुको हकमा आधिकारिक परिचय पत्र, र सवारी साधन नं. सहित ब्यवसायी संघबाट तथ्यगत विवरण माग गरी प्रमुख जिल्ला अधिकारी बाट प्रमाणित सूचिको आधारमा,

-अत्याबश्यक सेवा प्रवाह (प्रमुख जिल्ला अधिकारीले तोकेका सेवाहरु) मा संलग्न ब्यक्तिहरुको हकमा आधिकारिक परिचय पत्र आधारमा

- विश्वविध्यालय र विध्यालयका शिक्षक एवं कर्मचारीहरुको हकमा सम्बन्धित संस्थाको आधिकारिक परिचय पत्रको आधारमा,

-खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरुको हकमा पासपोर्ट र भिसाको आधारमा

-- पूर्ण र अति अशक्त अपाङ्गता (वर्ग क र ख) भएका नागरिकहरुको हकमा नेपाल सरकारले जारी गरेको प्रमाणपत्रको आधारमा

डा. दिपेन्द्र रमण सिंह
महानिर्देशक

बोधार्थ

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी, लुम्बिनी प्रदेश : आबश्यक समन्वयको लागि ।

श्री सामाजिक विकास मन्त्रालय प्रदेश नं. १, २, बागमती , कर्णाली , सुदुरपशिचिम प्रदेश आबश्यक समन्वयको लागि :

श्री स्वास्थ्य निर्देशनालय प्रदेश नं. १, २, बागमती , गण्डकी, लुम्बिनी, कर्णाली , सुदुरपशिचिम प्रदेश : आबश्यक समन्वय र ब्यवस्थापनको लागि ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ

प.सं. २०७७/०७८ च.नं. १२३३ टेकु, काठमाडौं, नेपाल ।

मिति : २०७८-०३-२८

श्री स्वास्थ्य कार्यालय : ७७ वटै जिल्ला

विषय :- कोभिड विरुद्ध खोप अभियानको संचालन व्यवस्थापन सम्बन्धमा ।

कोभिड-१९ रोगको रोकथाम र नियन्त्रणको लागि विभिन्न चरणमा खोप अभियानहरु सफलतापूर्वक संचालन गरीरहनु भएकोमा धन्यवाद दिदै सोहि सन्दर्भमा नेपाल सरकारले कोभिड विरुद्धको खोप आपूर्ति गरी अभियानहरु निरन्तर गर्न मिति ०७८/०३/२८नेपाल सरकार माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तर निर्णय भई खोप र खोप कोल्डचेन सामाग्रीहरु प्रदेश तथा जिल्लाहरुमा उपलब्ध गराई सकेको र निरन्तर उपलब्ध हुने ब्यहोरा अनुरोध गर्दै उक्त खोप अभियान हरु प्रभावकारीरुपमा संचालन तथा ब्यवस्थापनको लागि तपशिल बमोजिम गर्ने गराउने ब्यवस्थाको लागि अनुरोध छ ।

<u>तपसिल</u>

**१.खोपकेन्द्र संचालन ब्यवस्थापन र जनशक्ति परिचालन :**

खोप तथा खोप सामाग्री प्राप्त भए पछि तत्कालै खोप अभियान शुरु **गर्न**, कम्तिमा स्वास्थ्य संस्था स्तर सम्म खोपकेन्द्र एवं आवश्यक्ताको आधारमा थप खोपकेन्द स्थापना , एक **खोपकेन्द्रमा २ जना स्वयंम सेवक र लक्षित संख्याको आधारमा स्वास्थ्यकर्मी परिचालन, अभियानको एक चरण अधिकतम एकहप्ता भित्रमा सम्पन्न गर्न, खोप प्राप्ति र कोल्डचेन क्षमताको आधारमा जिल्लामा संचालन हुने चरणहरु निर्धारण आदि अग्रिम योजना गरी अभियान संचालन गर्नु गराउनु हुन ।**

२.अभिलेख प्रतिवेदन :

**स्वास्थ्य सेवा विभागको च.नं. ३११५ मिति ०७८/०३/२० को पत्र साथ पठाएको नमुना अनुसारको रजिष्टरमा अनिवार्य वडा वाईज विवरण अध्यावधिक गर्ने र अभियान सम्पन्न हुनसाथ यो रजिष्टर बाट अनुसूचि ११ (ट्याली सिट) मा मा प्रविदन ट्याली गरी अनुसुचि १२ र १३ उतार गरी अनिवार्य प्रतिवेदन गर्ने साथै पालिकाहरुमा DHIS 2 मा अनिवार्य प्रविष्ट गर्न समेत अनुगमन, समन्वय र सहजिकरण गर्नु गराउनु** हुन ।

४. **खोपकार्डको प्रयोग:**

**अभियानको रजिष्टरमा अनिवार्य अभिलेख राखेर अव आईन्दा एक प्रति मात्र खोप कार्ड भरी सेवाग्राहीलाई उपलब्ध गराउने । विगतको मौज्दात र हाल उपलब्ध भएको खोपकार्डको स्वास्थ्य संस्था प्रति खोप कार्ड पनि <u>स्वास्थ्य संस्था प्रति भन्ने ठाउमा सेवाग्राही प्रति</u> लेखि प्रयोग गर्न गराउनु हुन ।**

शाखा प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ

प.सं. २०७७/०७८ च.नं.

टेकु, काठमाडौं, नेपाल ।

५. भेरोसेल खोपको हकमा पहिलो मात्रा लगाए पछि २१ देखि २८ दिन पछि दोस्रो मात्रा खोप लगाउन योजना वनाई पहिलो मात्राको प्रगतिको आधारमा दोस्रो मात्राको लागि खोप तथा खोप सामाग्री आपूर्ति वितरण व्यवस्थ ागर्नू गराउनु हुन ।

६ **Janssen AD26COV2.S Vaccine** को हकमा : यो खोप एक व्यक्तिलाई एक मात्रा **(single dose)** दिईने भएकोले सोहि अनुसार व्यवस्थापन गर्नु हुन ।

..............................
डा. झलक शर्मा गौतम
प्रमुख
बालस्वास्थ्य तथा खोप सेवा शाखा

शाखा प्रमुख

बोधार्थ

१. श्री स्वास्थ्य तथा जनसंख्या / सामाजिक विकास मन्त्रालय
२. प्रदेश नं १, २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश – समन्वयको लागि ।
३. श्री स्वास्थ्य निर्देशनालय, प्रदेश नं १, २, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश – आवश्यक समन्वय र व्यवस्थापनको लागि ।